कुलो र गोरेटो हुँदै म्यूजियमबाट धुनिबेसी जाने मूल सडक निस्की सो सडकबाट पुरानु कालिमाटीको पूल जाने दक्षिणतर्फको गोरेटो भै सेराखरीकोबोट तक पुगी सो खरीको बोटबाट दक्षिणतर्फको गोरेटै गोरेटो भै पुरानु कालीमाटीको पूलसम्म र सो पूलबाट सोझै दक्षिण पश्चिमतिर गएको बाटै बाटो उक्ली बाटै बाटो पुरानो काली-माटीको इनार र सो इनारबाट दक्षिण पश्चिम बाटै बाटो डाँडा पाटी पुगी पाटीबाट ओर्ली ध्याम्पा डोल र खँडका गाउँको ढुङ्गा गाडेको सेरा खोल्साको पूलसम्म र सो पूलबाट सेरा खोल्सै खोल्सा भै कालीमाटी र नैकाप बीचको खडकुल्याको पूलसम्म र त्यहांबाट खोलै खोला बलखु खोलाको दोभान तक् ।

उत्तरः— बालाज्यू दगुर्ने पानीको पोखरीबाट खोल्सै खोल्सा महादेव खोला निस्की सो महादेव खोलाबाट खोलै खोला विष्णुमती भै मनमैजुनिरको सामाखुसीको दोभानसम्म र सो दोभानबाट सामाखुशी खुशी हुँदै जोगीगुफानिरको सामाखुशीको मुहानसम्म र त्यहाँबाट बुढानीलकण्ठ जाने मूल बाटो नाघी ठूला खोल्सा भै सो खोल्साबाट भुसुन्डोल खहरेमा मिसिने खहरेसम्म र सो खहरेबाट धोबिखोला भएर त्यहाँबाट धोबीखोलै-खोला दक्षिण चखुंचा खुशीको दोभानसम्म र सो दोभानबाट चखुंचा खुशी हुँदै चार घरै भै आरुवारी जाने मूल सडक हुँदै तीनचुलीर तिनचूलीबाट चेत शमशेरको (हाल गुन्जमानको) घर मुनी बाटोबाट जोरपाटी निस्की विष्णुप्रसादको घर संगैको तीन दोबाटोबाट दक्षिण तर्फ बाटै बाटो भै बागमती तक् ।

दक्षिणः— बलखु खोला र बागमती ।

२. विराटनगर शहरीक्षेत्रको सीमाना निम्नबमोजिम तोकिएको छः—

पूर्वः— सिंधियाही नदी,

पश्चिमः— पोखरिया धर्मशालाबाट सीधा दक्षिण कैशलिया नदी सम्म र सो कैशलीया नदी हुँदै अमढुवा गाउँ भै दक्षिण पश्चिम भारतीय सीमाना (बोर्डर) सम्म ।

उत्तरः— पोखरिया धर्मशालाबाट सीधा पूर्व सिंधियाही नदीसम्म र पश्चिममा सोही धर्मशाला-बाट सीधा पश्चिम कैशलिया नदीसम्म ।

दक्षिणः— भारत सीमाना ।

३. राजविराज शहरीक्षेत्रको सीमाना निम्नबमोजिम तोकिएको छः—

पूर्वः— हिमालय राइसमीलसमेत र त्यस अघिका डगर र मील एरिया ।

पश्चिमः— खर्साल दुर्गाप्रसाद पाध्याको घर ।

उत्तरः— श्री कृष्णप्रसाद सिंको घर ।

दक्षिणः— हाईस्कूल र नगर—पञ्चायत सीमाना ।

आज्ञाले:—
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

668

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।